# राष्ट्र निर्माणमा नेपाली सेना

**रमेश अर्याल**


**लेखसार**

*लामो गौरवमय इतिहास भएको नेपाली सेना आम नेपाली जनताको साझा राष्ट्रिय सेनाका रुपमा रहेको छ । संविधान एवम् कानुनप्रदत्त दायित्वहरु निर्वाह गर्ने क्रममा नेपाली सेनाले राष्ट्रिय हित, सुरक्षा, प्रतिरक्षा, विपद् व्यवस्थापन, विकास-निर्माण, पर्यावरण संरक्षण, सम्पदा संरक्षण, पर्यटन प्रवर्द्धन, खेलकुद विकास, कल्याणकारी काम, विश्व शान्ति स्थापना लगायतका कार्य पूर्ण जिम्मेवारी र कुशलतापूर्वक सम्पादन गर्दै आएको छ । नेपाली सेनाले राष्ट्र निर्माणका हरेक पक्षहरुमा महत्त्वपूर्ण भूमिका खेली नेपाल सरकारले लिएको "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने दीर्घकालीन सोच सहितको विकासका लक्ष्यलाई पूरा गर्न प्रतिबद्ध भएर लागेको छ । राष्ट्र-निर्माणका विविध आयाममा नेपाली सेनाको भूमिकालाई थप प्रभावकारी बनाउनका लागि नेपाली सेना आफैं र अन्य सम्बद्ध निकायहरुले नेपाली सेनाको पेशागत दक्षता र क्षमता अभिवृद्धि गर्न क्रियाशील हुनुपर्ने आवश्यकता छ । यस लेखमा नेपाली सेना, राष्ट्र निर्माणका विभिन्न आयाममा नेपाली सेनाको भूमिका, नेपाली सेनाको भूमिकालाई थप प्रभावकारी बनाउने उपायहरुका बारेमा चर्चा गरिएको छ ।*


**शब्दकुञ्जी** : नेपाली सेना, राष्ट्र-निर्माण, राष्ट्रिय हित, सुरक्षा, प्रतिरक्षा, विपद् ।

**परिचय**

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि स्थापना भएको संगठन नेपाली सेना हो । नेपाली सेना नेपाली जनताको सुखदुःखको भरोसा हो । नेपालको संविधानको धारा २६७ मा नेपाली सेनासम्बन्धी व्यवस्था छ । नेपाल सरकारले नेपाली सेनालाई संघीय कानुनबमोजिम विकास-निर्माण र विपद् व्यवस्थापन लगायत अन्य कार्यमा परिचालन गर्न सक्ने संविधानको धारा २६७(४) मा उल्लेख छ ।

नेपाली सेनालाई दक्षिण एशियाकै पहिलो सैनिक संस्थाका रुपमा लिने गरिन्छ । राजा पृथ्वीनारायण शाहका पालामा वि.सं. १८१९ मा मकवानपुर गढीमा मीरकासिमको फौजसँग लडी खोसिएका हातहतियारबाट श्रीनाथ लगायतका ५ वटा कम्पनी स्थापना भएर आधुनिक नेपालको सेनाको शुरुवात भएको हो (बैद्य, मानन्धर र बस्न्यात, २०६५, पृ. ३५२) ।

साझा भाषा, संस्कृति, इतिहास तथा धर्म भएका व्यक्तिहरुको समुह राष्ट्र हो । राष्ट्रको सुरक्षा गर्ने, राष्ट्रियताको भावना बलियो बनाउने, देशको समग्र विकास कार्य गर्ने लगायत राष्ट्रिय हितको प्रबर्द्धन गर्दै देशलाई समुन्नत र समृद्ध बनाउने कार्य राष्ट्र निर्माण हो । नेपालको संविधानको धारा ३ अनुसार बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सुत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो ।

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालीको हकहितको रक्षा, सिमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धिलाई नेपालको संविधान (धारा ५) ले राष्ट्रिय हितका आधार भूत विषयका रुपमा लिएको छ भने राष्ट्रहित प्रतिकूलको

आचरण र कार्य संघीय कानुनबमोजिम दण्डनीय हुने उल्लेख गरेको छ ।

**राष्ट्र निर्माणमा नेपाली सेनाको भूमिका**

विश्वका विभिन्न राष्ट्रहरुमा राष्ट्रनिर्माणका कार्यमा विभिन्न तरिकाबाट राष्ट्रिय सेनाको प्रयोग भइरहेको प्रशस्त उदाहरणहरु पाइन्छ (सुब्बा, २०७३, पृ.११६) । नेपाली सेनाले राष्ट्रिय जीवनका विविध क्षेत्रहरुमा सम्पादन गरेका सामाजिक, आर्थिक, साँस्कृतिक रुपान्तरणका कार्यहरु तथा देशमा आइपरेका प्राकृतिक एवं मानव सिर्जित विपद् व्यवस्थापनमा निर्वाह गरेको भूमिका प्रकारान्तरमा राष्ट्र निर्माणमा नेपाली सेनाले पुऱ्याएका योगदान हुन् (श्रेष्ठ, २०७४, पृ.८८) ।

नेपालको संविधान, सैनिक ऐन, २०६३ र राष्ट्रिय सुरक्षा नीति, २०७५ को अधीनमा रही नेपाली सेनाले नेपाल सरकारबाट प्राप्त जिम्मेवारी तथा निर्देशनहरु पालना गर्दै राष्ट्र निर्माणका हरेक आयाममा आफ्नो गहन जिम्मेवारी बहन गर्दै आएको छ । संविधानको अनुसूची ५ मा संघको अधिकार सूचीअन्तर्गत पहिलो प्राथमिकतामा रक्षा र सेना उल्लेख भएबाट राष्ट्रनिर्माणमा नेपाली सेनाको भूमिका महत्त्वपूर्ण भएको पुष्टि हुन्छ । राष्ट्रनिर्माणमा नेपाली सेनाको भूमिकालाई देहाय अनुसारउल्लेख गर्न सकिन्छ :

**(क) राष्ट्रिय हित, सुरक्षा, प्रतिरक्षा र एकता प्रवर्द्धन**

नेपाली सेना नेपालको राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षामा मन, वचन र कर्मले समर्पित भएर लागेको छ । यो संगठन विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्न सदैव तल्लिन रहेको छ । इतिहासको अनेक कालखण्डमा नेपाललाई एक स्वतन्त्र, सार्वभौमसत्तासम्पन्न र अविभाज्य राज्यका रुपमा स्थापित र विकसित गर्न नेपाली सेनाले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

"जाइकटक नगर्नू, झिकीकटक गर्नू" भन्ने राजा पृथ्वीनारायण शाहको दिव्योपदेशलाई शीरोधार्य गर्दै कसैमाथि आक्रमण नगर्ने तर आफूमाथि कसैले आक्रमण गरेमा आइलाग्ने विरुद्ध कहिल्यै पछि नहट्ने नीति लिएर नेपाली सेनाले विदेशी सेनालाई युद्धमा पराजित गरेकाले आज हामी स्वतन्त्र देशको नागरिक हुन पाएका छौँ । मुलुकमा अप्ठेरो परिस्थिति आउँदा नेपाली सेनाले ती सबै गाह्रोसाह्रो कामहरु सम्पादन गर्दै आएको छ ।

नेपाली सेनाले देशभित्र हिंसात्मक, विध्वंसात्मक तथा आतङ्कवादी कार्य भएमा निस्तेज पार्ने काम गरेको छ । यसले आवश्यकताअनुसार महत्त्वपूर्ण र संवेदनशील स्थान तथा विशिष्ठ व्यक्तिलाई सुरक्षा प्रदान गरेको छ भने विभिन्न समयमा सम्पन्न भएका निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । यसले राष्ट्रिय सेवा दल सञ्चालन गरी विद्यालयहरुका विभिन्न तहका छात्रछात्रालाई अनुशासन र राष्ट्रियताको भावना विकास गराएको छ ।

नेपालको संविधानको धारा २६७ (६) मा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विशृंखलताको कारणले गम्भीर संकट उत्पन्न भएमा राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबमोजिम राष्ट्रपतिबाट नेपाली सेना परिचालनको घोषणा हुने उल्लेख भएकाले सुरक्षा र प्रतिरक्षामा नेपाली सेनाको महत्त्व छर्लङ्ग हुन्छ ।

**(ख) विपद् व्यवस्थापन**

विश्वमा भूकम्पीय जोखिमका दृष्टिकोणले ११ औँ तथा बाढी पहिरोको दृष्टिकोणबाट ३० औँ अति जोखिम मुलुकका रुपमा नेपाल रहेको छ (राष्ट्रि योजना आयोग, २०७६, पृ.३५८) । विपद्को अत्यधिक जोखिममा रहेको नेपालमा विपद् व्यवस्थापन गर्ने कार्यमा नेपाली सेनाको भूमिका अग्रणी रहेको छ । विपद्का समयमा पीडितलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, उद्धार गर्ने, राहत सामग्री वितरण गर्ने, विपद्बाट भएको क्षतिलाई फैलिन

नदिन कार्यक्रम सञ्चालन गर्ने लगायतका काममा नेपाली सेनाले फस्ट रेस्पोण्डरका रुपमा काम गर्दै आएको छ ।

वि.सं. १९९०, २०४५ र २०७२ को विनाशकारी भूकम्पका समयमा होस् वा तराईमा आएको बाढीको समयमा होस् वा सिन्धुपाल्चोकको जुरेमा गएको पहिरोमा होस्, हरेक विपद्मा नेपाली सेनाले शीघ्र उद्धार एवम् राहत वितरणमा गरेको कामको प्रशंसा र सह्राना स्वदेश तथा विदेश सबैतिरबाट हुने गरेको छ। विपद्का समयमा तुरुन्तै खट्ने एवम् सहयोग गर्ने भनेको नेपाली सेना नै हो भन्ने छाप जनमानसमा परेको छ ।

विपद्ग्रस्त क्षेत्रको समग्र पक्षमा विकास गरी मूलप्रवाहमा ल्याउने र विकासलाई कम्तीमा पनि पूर्ववत् अवस्थामा ल्याउन क्षतिग्रस्त भौतिक संरचना लगायतका पूर्वाधारको पुनर्निर्माणमा नेपाली सेनाले गहन जिम्मेवारी बहन गरेको छ। २०७५ चैत्रमा बारा र पर्सामा आएको हावाहुरी सहितको चक्रवात (टोर्नाडो) बाट प्रभावित इलाकामा तत्काल परिचालित भई खोज, उद्धार र राहत वितरणमा नेपाली सेना खटिएको थियो र आहत बनेकालाई राहत दिएको थियो। चार महिनाको अवधिमा वातावरणमैत्री र प्राकृतिक प्रकोप प्रतिरोधी ८६९ घरहरु निर्माण (*नेपाली सेना,* २०७६ भाद्र) गरेर पीडितलाई हस्तान्तरण गर्नु चानचुने कुरा होइन। यसबाट के अवगत हुन्छ भने सेनाले जस्तोसुकै परिस्थितिमा पनि जिम्मेवारी पूरा गर्न सक्छ ।

### (ग) विकास–निर्माण

नेपाली सेनाले देशका विभिन्न भू-भागमा भौतिक पूर्वाधार विकासका कामहरु गर्दै आएको छ। एकीकरणका समयमा फौज तथा बन्दोवस्तीका सामान ओसारपोसार गर्नका लागि गोरेटो, घोडेटो बाटो निर्माण गरेको थियो। नेपाली सेनाले हालसम्म देशका विभिन्न भागमा ३० सडक आयोजना सम्पन्न गरी १२७२ किमी सडक र ३२ बेलीब्रिज निर्माण गरिसकेको छ भने, महत्त्वपूर्ण ४ सडक आयोजनाहरु निर्माणाधीन छन् (*नेपाली सेना,* २०७६ भदौ, पृ.२१) ।

दुर्गम जिल्लाका सदरमुकामलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने संयन्त्र नेपाली सेना भएको छ। प्रतिकूल परिस्थितिमा समेत नेपाली सेनाले रसुवा, ओखलढुङ्गा, रुकुम, कालिकोट, जुम्ला, जाजरकोट, मुस्ताङ, मनाङ, मुगु र डोल्पा जिल्लाका सदरमुकामलाई राष्ट्रिय सडक सञ्जालमा जोडेको छ। अहिले हुम्लाको सदरमुकामलाई सडक सञ्जालमा जोड्नका लागि जोडतोडले काम गरिरहेको छ। राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको काठमाडौं-तराई/मधेश द्रुतमार्ग चार वर्षमा निर्माण सम्पन्न गर्ने गरी सरकारले नेपाली सेनालाई जिम्मा दिएको छ। रणनीतिक महत्त्व बोकेको तर लामो समयदेखि निर्माण हुन नसकेको यो आयोजना नेपाली सेनाको जिम्मामा आएपछि कामले गति लिएको छ। यो आयोजनालाई सरकारले नेपालको आर्थिक समृद्धिको लाइफलाइनका रुपमा लिएको छ ।

### (घ) पर्यावरण र प्रकृति संरक्षण

नेपालमा हाल रहेका १२ वटा राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष र १ शिकार आरक्षको सुरक्षा जिम्मेवारी नेपाली सेनालाई दिइएको छ। यस्ता संरक्षण क्षेत्रहरुको रेखदेखबाट वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोगमा मद्दत भई वातावरण सन्तुलन कायम गर्न सहयोग पुगेको छ। राष्ट्रपति चुरे तराइ मधेस संरक्षणमा सहभागी भएर तथा आफ्नै पहलमा 'एक सिपाही एक फलफूलको विरुवा' अभियान, सफा हिमाल अभियान, गो ग्रीन कार्यक्रम र प्लास्टिक फ्रि जोन अभियान सञ्चालन गरेर नेपाली सेनाले स्वच्छ, सफा र हरियाली प्रवर्द्धनमा समेत टेवा पुऱ्याएको छ ।

### (ङ) पर्यटन र संस्कृति प्रवर्द्धन

नेपाली सेनाले गढी, कोत, किल्ला लगायतका ऐतिहासिक महत्त्वका स्थल, साँस्कृतिक धरोहर, विभिन्न पुरातात्विक संग्रहालयको संरक्षण गरेर तथा सैनिक संग्रहालय सञ्चालन गरेर कला-संस्कृतिको संरक्षणमा जोड दिएको छ। नेपाल भ्रमण वर्ष २०२० लाई सफल र भव्यताका

साथ सम्पन्न गर्न नेपाली सेनाले बहुराष्ट्रिय संयुक्त सैनिक सगरमाथा आरोहण, जंगल सफारी, माउण्टेन ट्रेकिङ्ग, लिगलिगे दौड, पाराग्लाडिङ्ग, एकीकरण पदयात्रा, नेपाल म्याराथन, पिसकिपर्स सेमिनार लगायतका कार्यक्रम आयोजना गरेर भ्रमण वर्षको उद्देश्य पूरा गर्न सहयोग गर्ने गरी कार्यक्रम तय गरेको छ (*नेपाली सेना,* २०७६ भदौ, पृ. ३४) ।

**(च) विश्वशान्ति स्थापना**

सन् १९५८ मा सर्वप्रथम पर्यवेक्षक खटाएर विश्वशान्तिको यात्रा शुरु गरेको नेपाली सेना विश्वका समस्याग्रस्त र द्वन्द्वग्रस्त मुलुकमा शान्ति सेनाका रुपमा सहभागी हुँदै आएको छ। विश्वमा शान्ति स्थापना गर्ने क्रममा १,२९,८९० नेपाली सैनिक सहभागी भएका छन् । संयुक्त राष्ट्र संघलाई बढी सेना उपलब्ध गराउने राष्ट्रको सूचीमा नेपाल पाँचौं स्थानमा रहेको छ । हाल नेपाली सेनाका ५०९५ सैनिकले १२ वटा मिसनमा सहभागिता जनाइरहेका छ (*Nepali Army*, 2020 January 14) ।

स्वदेशमा हिमाल, पहाड र तराईमा मात्र नभई विदेशमा मध्यपूर्वको गोलन हाइट्स, अफ्रिकाको सहारा मरुभूमि र अमेरिकी महाद्वीपको हाइटीसम्म सैनिक फौजहरुले आफ्नो व्यक्तिगत सुविस्ताको कुनै पनि पर्वाह नगरी प्राणको बाजी राखेर अहोरात्र खटिई नेपाली सेनाको प्रतिष्ठालाई उच्च राखिरहेका छन् (*नेपाली सेना,* २०७६, पृ.ख) । विश्वशान्ति स्थापनामा नेपाली सेनाले निर्वाह गरेको भूमिकाले नेपाल र नेपालीको इज्जत एवम् छविमा अभिवृद्धि भएको छ ।

**(छ) कल्याणकारी कार्य**

नेपाली सेनाले “बहुजन हिताय, बहुजन सुखाय” आदर्श वाक्य भएको कल्याणकारी कोषको स्थापना गरेर स्वास्थ्य, शिक्षा, आर्थिक राहत, आवास, विमा, छात्रवृत्ति जस्ता कल्याणकारी कार्यहरु सञ्चालन गर्दै आएको छ । यसको फलस्वरुप विद्यालय, मेडिकल कलेज एवम् अस्पतालको स्थापना र सञ्चालनबाट देशको शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा योगदान पुगेको छ । नेपाली सेनाले स्वास्थ्य शिविर, सर्पदंश उपचार, रक्तदान, हवाई उद्धार, श्रमदान लगायतका कार्य समेत गर्दै आएको छ ।

**(ज) आयआर्जन एवम् नागरिक सम्बन्ध विस्तार**

नेपाली सेनाले आफूले प्रयोगमा ल्याउने सामग्रीको उत्पादनमा आत्मनिर्भरता बढाउँदै गएर अर्थतन्त्र प्रवर्द्धनमा सहयोग गरेको छ। यसले बहालवाला तथा अवकाशप्राप्त र आश्रित परिवारलाई विभिन्न सीपमूलक तालिम दिएर आय आर्जन मार्फत् जीवन सहज बनाउन सहयोग गरेको छ। त्यस्तै नेपाली सेनाले नागरिकहरुसँगको सम्बन्धलाई प्रगाढ बनाउन सैनिक रेडियो कार्यक्रम, टेलिभिजन कार्यक्रम, नागरिक सेना अन्तर्क्रिया लगायतका कार्य गर्दै आएको छ ।

**(झ) कूटनीतिक सम्बन्ध विस्तार**

नेपाली सेनाले विदेशी राष्ट्रका सेनासँग सैनिक सम्बन्ध विकास र विस्तार गरी सैनिक कूटनीति मार्फत् नेपालको राष्ट्रिय हित प्रबर्द्धनमा सहयोग पुऱ्याएको छ । कूटनीतिक सम्बन्ध विस्तार गर्ने क्रममा नेपाली सेनाले ब्रिटिशको समयमा भारतमा भएको सिपाही विद्रोह, प्रथम विश्व युद्ध र हैदरावादमा भएको विद्रोह नियन्त्रण गर्ने कार्यमा सहयोग गरेको थियो भने सन् १९७४ मा नेपाली भू-भागबाट तिब्बती खम्पाहरुले चीन विरुद्ध गरेको कारवाहीलाई नियन्त्रण गर्न सफलता हासिल गरेको थियो (श्रेष्ठ, २०६५, पृ.५) ।

नेपाली सेनाको कूटनीतिक विस्तारले छिमेकी देशसँगको दौत्य सम्बन्धलाई प्रगाढ बनाउन मद्दत पुगेको छ। नेपाली सेनाको वीरता र इमान्दारीले गर्दा विश्वमा वीर गोर्खाली सेनाका रुपमा नेपाली सेना परिचित छ । अहिले पनि भारत, बेलायत लगायतका देशमा नेपाली युवालाई सेनामा भर्ना गर्ने र अति विशिष्ठ व्यक्तिको सुरक्षामा खटाउनुको कारण नेपाली सेनाको बहादुरी र इमान्दारीले गर्दा हो ।

**(ञ) खेलकुद विकास**

नेपाली सेनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएर एवम् आफैँले पनि खेलकुद प्रतियोगिता सञ्चालन गरेर खेलकुदको विकासमा महत्त्वपूर्ण योगदान दिएको छ। हालै सम्पन्न १३ औं दक्षिण एशियाली खेलकुद प्रतियोगितामा नेपालले ५१ स्वर्ण, ६० रजत र ९५ कास्य गरी कुल २०६ पदक प्राप्त गरी समग्रमा दोस्रो स्थानमा रहेको थियो। यसमध्ये नेपाली सेनासँग आवद्ध खेलाडीले २३ स्वर्ण, ३१ रजत र ४९ कास्य गरी १०३ पदक प्राप्त गरेका थिए (*नेपाली सेना,* २०७६ पुष, पृ.३)। आठौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा नेपाली सेनाले १४० स्वर्ण, ७९ रजत र ६७ काँस्य पदक सहित कुल २८६ पदक जितेर राष्ट्रिय च्याम्पियन बनेको थियो (*नेपाली सेना,* २०७६ भदौ, पृ.२६)। यसरी नेपाली सेनाले खेलकुदको विकासमा ठूलो भूमिका खेलेको छ।

**(ट) समावेशी विकास**

उत्तरमा हिमालदेखि दक्षिणमा तराई र पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्मका सबै जात-जाति, भाषा-भाषी, क्षत्र, वर्ग र समुदायको साझा चौतारीका रुपमा रहेको नेपाली सेनालाई समावेशिताको उदाहरणका रुपमा लिइन्छ। यसले देशको बहुविविधतालाई प्रतिबिम्वित गर्दै फूलवारीका सबै रङ्गीविरङ्गी फूलहरुलाई मूलधारमा ल्याउने काम गरेको छ। स्थापना कालदेखि नै खस, मगर, गुरुङ, ठकुरी लगायतका सबै जातजातिलाई भर्ना गर्दै आएको नेपाली सेनाले महिलालाई वि.सं. २०१८ देखि भर्ना गरेकोमा वि.सं. २०६३ पछि महिला, दलित, आदिवासी जनजाति, मधेशी तथा पिछडिएका क्षेत्रका नागरिकलाई आरक्षण मार्फत् भर्ना गर्दै आएको छ।

**नेपाली सेनाको भूमिकालाई अझ प्रभावकारी बनाउने उपाय**

अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा आन्तरिक चुनौतीका स्वरुपहरु परिवर्तन हुँदै नयाँ सुरक्षा-अवधारणाका आयामहरु विकास हुँदै आएको सन्दर्भमा नेपाली सेनाले राष्ट्रिय सुरक्षामा प्रभाव पार्न सक्ने राजनैतिक, आर्थिक, सामाजिक, कूटनैतिक, सूचना-प्रविधि र पर्यावरणीय विषयहरुका सबल र दुर्वल पक्षको विश्लेषण गरी उपयुक्त कदम चाल्नुपर्छ। प्रधानसेनापति कमाण्ड मार्गनिर्देशन (२०७५) मा उल्लेख भए जस्तै अस्थिर, अनिश्चित, अस्पष्ट र तरल सुरक्षा वातावरणमा राष्ट्रिय सुरक्षाको पहरेदार संस्थाका रुपमा नेपाली सेनाले सम्पूर्ण नेपालीलाई एकताको सूत्रमा बाँध्न सक्ने आफ्नो ऐतिहासिक चरित्र कायम राख्नुपर्दछ। कामकारवाहीलाई पारदर्शी, जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाउनुपर्छ।

सरकारले नेपाली सेनालाई राजनीतिक प्रभावबाट टाढा राख्दै समयानुकूल दक्ष, सबल, सुदृढ, व्यावसायिक, नतिजामुखी, समावेशी, आधुनिक, सूचना-प्रविधिमैत्री र स्रोत-साधन सम्पन्न बनाउनुपर्छ। संघीय संरचनाअनुसार तीनै तहका सरकार, नेपाली सेना र अन्य सुरक्षा निकाय बीच उचित समन्वय कायम गरी सुरक्षा प्रणालीलाई मजबुत बनाउनुपर्छ। फौजका लागि आवश्यक भौतिक पूर्वाधारको निर्माण, सैन्य सामग्रीको उत्पादन गर्ने कारखानाको स्थापना र विस्तारमा जोड दिनुपर्छ।

बाह्य आक्रमणको अवस्थामा प्रतिरक्षात्मक युद्ध लड्न सक्ने क्षमता भएको सैनिक संगठनको निर्माण र आधुनिक हातहतियारको प्रबन्ध गर्नुपर्छ। समाजका योग्य र सक्षम व्यक्तिलाई नेपाली सेनामा भर्ना गरी संगठनलाई अझ प्रतिस्पर्धी र सक्षम बनाउनपर्छ। वृत्ति विकासका विविध पक्षमा ध्यान दिई मनोबलयुक्त जनशक्तिलाई टिकाइराख्नुपर्छ। पूर्व सैनिक राष्ट्रसेवकहरुमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्रको हितमा समुचित उपयोग गर्नुपर्छ। इण्टेलिजेन्स संयन्त्रको विस्तार एवम् क्षमता अभिवृद्धि गर्नुपर्छ।

सैनिक गुटसँगको अभ्यासमा बाहेक नेपाली सेनालाई द्विपक्षीय तथा बहुपक्षीय अन्तर्राष्ट्रिय सैनिक अभ्यासमा

सहभागी गराई क्षमतावान् बनाउनुका साथै सैनिक कूटनीतिलाई प्रभावकारी बनाउनुपर्छ । मुलुकको बाह्य सुरक्षा सरोकारका विषयलाई सम्बोधन गर्ने गरी प्रतिरक्षा नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्छ । राष्ट्रिय सुरक्षा एवम् प्रतिरक्षासम्बन्धी विषयमा अध्ययन-अनुसन्धान गर्न 'राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय'को स्थापना गरी सञ्चालनमा ल्याउनुपर्छ ।

## निष्कर्ष

राष्ट्रको प्रमुख सुरक्षा अंग नेपाली सेना देशलाई एकताको सूत्रमा बाँध्ने प्रमुख संयन्त्र हो । नेपालको एकीकरणदेखि आधुनिक नेपालको निर्माणसम्मको यात्रामा देश र जनतालाई मन र मस्तिष्कमा राखेर देशको रक्षार्थ खटेको नेपाली सेनाले सुरक्षा, विकास निर्माण, विपद् व्यवस्थापन लगायत राष्ट्र निर्माणका सबै आयाममा सशक्त भूमिका खेलेको छ । अतः राष्ट्र-निर्माणको गहन जिम्मेवारी लिएको नेपाली सेनालाई अझ सबल, सुदृढ, पेशागत रुपमा सक्षम र उत्तरदायी बनाउन राजनीतिक दबाब र प्रभावबाट तथा स्रोतसाधनको अभावबाट मुक्त गराई संवैधानिक प्रावधानअनुरुप परिचालन गर्न सम्बद्ध पक्ष ऐक्यबद्ध, प्रतिबद्ध र कटिबद्ध हुनुपर्छ । नेपाली सेना पनि विगतदेखिको उच्च छवि र व्यावसायिक चरित्रलाई कायम राख्दै सदैव राष्ट्र र जनताको हितमा समर्पित रहनुपर्छ ।

## सन्दर्भ सामग्री सूची

नेपाल सरकार (२०७२), *नेपालको संविधान,* काठमाडौं : कानुन किताव व्यवस्था समिति ।

नेपाली सेना (२०७५), सम्पादकीय, *सिपाही वार्षिक ५१* (५२), क -ख

नेपाली सेना (२०७६ भाद्र), *सिपाही पाक्षिक विशेषाङ्क, २७* (३) ।

नेपाली सेना (२०७६ पुष १), *सिपाही पाक्षिक, २७* (८) ।

नेपाली सेना (२०७५), *प्रधानसेनापति कमाण्ड मार्गनिर्देशन,* काठमाडौं : जंगी अड्डा ।

बैद्य, तुलसीराम, मानन्धर, विनय कुमार र बस्न्यात, प्रेमसिंह (२०६५), *नेपालको सैनिक इतिहास (भाग २),* काठमाडौं : जंगी अड्डा ।

रक्षा मन्त्रालय (२०७५), *राष्ट्रिय सुरक्षा नीति* काठमाडौं : रक्षा मन्त्रालय ।

राष्ट्रिय योजना आयोग (२०७६), *पन्धौं योजना आधारपत्र* काठमाडौं : राष्ट्रिय योजना आयोग ।

श्रेष्ठ, जीवनारायण (२०७४), राष्ट्रनिर्माणमा नेपाली सेनाको भूमिका *सिपाही वार्षिक, ५०* (५१), पृ.८७-८९

श्रेष्ठ, बाबुराम (२०६५), *नेपाली सेना : संक्षिप्त चिनारी* काठमाडौं : जंगी अड्डा ।

सुब्बा, दिलविक्रम (२०७३), राष्ट्रनिर्माणमा नेपाली सेना : योगदान तथा सम्भावनाहरु, *सिपाही वार्षिक, ४९* (५०), पृ. ११६-१२७

Nepali Army (nd), The Nepali army in UN peace support operations, Retrived from https : //www.nepalarmy.mil.np/page/na_in_un on January 14, 2020